# जानकी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## शिक्षा युवा तथा खेलकूद शाखा

दुर्गौली, कैलाली

सुदूरपश्चिम प्रदेश, नेपाल

**लेखा परीक्षक नियुक्तिका लागि लेखा परीक्षकहरुको नाम, थर र विवरण पेश गर्ने बारेको सूचना**

(प्रकाशित मिति:- २०८०।०९।०२)

प्रस्तुत विषयमा यस गाउँपालिकामा रहेका सम्पूर्ण विद्यालयहरुले शिक्षा नियमावली, २०५९ (संशोधन सहित) को नियम १७१ बमोजिम आ. व. २०७९/०८० को अन्तिम लेखा परीक्षण गर्नुपर्ने भएकोले सामुदायीक तथा संस्थागत विद्यालयहरुले शिक्षा नियमावली, २०५९ (संशोधन सहित) को नियम २५ (१) (ढ१) र नियम २६को (१), (ञ) बमोजिम विद्यालय व्यवस्थान समितिको निर्णय सहित प्रत्येक विद्यालयहरुले ३ (तीन) जना लेखा परीक्षकहरुको नाम, थर, सम्पर्क नम्बर र तपसिल बमोजिमका कागजातहरु सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र यस गाउँपालिका कार्यालयको शिक्षा, युवा तथा खेलकुद शाखामा पेश गर्न हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको समयमा लेखा परीक्षकहरुको विवरण उपलब्ध नगराएमा गाउँपालिका कार्यालयले जुनसुकै लेखा परीक्षकलाई लेखा परीक्षणको लागि खटाउन सक्नेछ। लेखा परीक्षकको नाम सिफारीस गर्दा आ. व. २०७९/०८० को सामाजिक परीक्षण प्रतिवेदन समेत अनिवार्य पेश गर्नु पर्नेछ।

**विद्यालयहरुले सिफारिस सहित पेश गर्ने लेखापरीक्षकका कागजातहरुः**

१. दर्तावाला लेखापरीक्षकको फर्म नविकरण गरेको प्रमाणपत्रको प्रतिलिपि।

२. स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाणपत्रको प्रतिलिपि।

३. लेखा व्यवसायी दर्ता प्रमाणपत्रको प्रतिलिपि।

४. नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको सदस्यता लिएको प्रमाणपत्रको प्रतिलिपि।

५. गत आ.व. को कर चुक्ताको प्रतिलिपि।

६. नागरिकताको प्रमाणपत्रको प्रतिलिपि।

नोटः- सम्पूर्ण विद्यालयहरुले आ.व.२०७९/०८० को लेखापरीक्षण २०८० माघ मसान्त सम्म अनिवार्य गरिसक्नु पर्नेछ।

धर्मानन्द कपाडी
शिक्षा अधिकृत
धर्मानन्द कपाडी
शिक्षा अधिकृत

आशिष चौधरी
प्रमुख प्रशासकीय अधिकृत
आशिष चौधरी
प्रमुख प्रशासकीय अधिकृत

"शिक्षा, स्वास्थ्य, कृषि र वातावरणमैत्री पूर्वाधार : पहिचान सहितको जानकी गाउँपालिका विकासको मूल आधार"
फोन नं. ✆ ०९१-५०००७६,०९१-५०००७७, ०९१-५०००७८, ०९१-५०००७९ (LEOC)
E-mail: janakiruralmun@gmail.com Website: janakimunkailali.gov.np
Google Plus Code : H455+W2H Durgauli

CamScanner